त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. .....

मितिः २०८१/०९/२५

स्नातकोत्तर तथा अधिस्नातक तह (MA& PGD) मा नयाँ विद्यार्थी भर्नाका लागि Online फाराम भर्ने म्याद पुनः थप गरिएको सम्बन्धी जरूरी सूचना !

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा आधारित **शैक्षिक वर्ष २०२४ (२०८१/०८२)** को अधिस्नातक (PGD) तथा स्नातकोत्तर (MA) तहका केन्द्रीय विभागहरू/क्याम्पसहरू तथा विभाग/कार्यक्रमहरूमा नयाँ विद्यार्थी भर्ना कार्यक्रमका लागि Online फाराम भर्ने म्याद वि.सं. २०८१ साल पौष २५ गतेसम्म रहेकामा पुनः मिति २०८१ साल पौष २९ गते राति १२:०० बजे (**दोब्बर दस्तुरमा माघ ०१ गते राति १२:०० बजे**) सम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्य परीक्षा कार्यतालिका भने यथावत कायम रहने व्यहोरा पनि सूचित गरिन्छ।

नोट :

- स्नातक तहको पूरक परीक्षामा सामेल भई उत्तीर्ण विद्यार्थीहरूले उक्त तहको मार्कसिट संलग्न गरी फाराम भर्न सक्नेछन्। सम्बन्धित क्याम्पस तथा विभागमा भर्ना हुनका लागि भने ट्रान्सक्रिप्ट अनिवार्य पेश गर्नु पर्नेछ।

- सम्बन्धित क्याम्पस/विभाग/कार्यक्रमहरूले परीक्षार्थीहरूले अनलाइन मार्फत भरेका आवेदन फारामहरू डीन कार्यालयले उपलब्ध गराएको **username** र **password** प्रयोग गरी आवेदन दस्तुर, मिल्दो विषय आदि Verify गर्नु पर्नेछ। सम्बन्धित क्याम्पस/विभाग/कार्यक्रमहरूबाट Verify भए पश्चात् डीन कार्यालयबाट Approved भइसकेपछि मात्र परीक्षार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी प्रवेश-पत्र प्राप्त गर्न सक्ने छन्।

सहायक डीन

कीर्तिपुर, काठमाडौं, नेपाल। टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

Scanned with CamScanner